मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

बागमती प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

मिति :२०७९/७/१७

## आमा बाबु बिहिन बालबालिका संरक्षण कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/७/१७**

आ.व. २०७९/०८०मा विनियोजित बागमती प्रदेश सरकार सशर्त अनुदान तर्फको **आमाबाबु बिहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत** यस मन्थली नगरपालिका भित्रका बाबुआमा दुबैको मृत्यु भएका वा दुवै बेपत्ता भएका १८ वर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि मासिक भत्ता उपलब्ध गराउने कार्यक्रम भएकोले तपसिलमा उल्लेख भए बमोजिम अवस्था भएका बालबालिका स्वयं वा निजको संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले तपसिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०७९/८/१ कार्यालय समय भित्रमा आवश्यक कागजपत्र सहित निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता

- बाबुआमा दुबैको मृत्यु वा दुवै बेपत्ता भएको
- १८ वर्ष उमेर पुरा नभएको
- ५ वर्ष उमेर पुरा भएको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको
- कुनै गैरकानूनी वा आपराधिक कार्यमा संलग्न नरहेको

१. आवश्यक कागजातहरू :

- बालबालिकाको पासपोर्ट साइजको फोटो २ प्रति
- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ( नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी )
- बाबु आमा मृत्यु भएकाको हकमा मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबुआमा दुवै बेपत्ता भएको हकमा प्रहरी मुचुल्का सहितको कागजात वा बाबुको मृत्यु भएको र आमाले अर्कै बिबाह गरी गएको हकमा सो प्रकृति उल्लेख भएको वडा कार्यालयको सिफारिसं कागजात
- विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र ( ५ वर्ष पुरा भएका बालबालिकाको लागि मात्र )
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

**पुनश्चः** विगत वर्षहरूमा यस किसिमको सुबिधा पाईरहेका बालबालिकाको हकमा सम्बन्धित वडामा हाल बसोबास गरिरहेको र बाबुआमा नभएको भन्ने व्यहोराको वडा कार्यालयको सिफारिस पत्र र विद्यालयमा नियमित अध्ययन गरिरहेको भन्ने व्यहोराको विद्यालयको सिफारिस पत्र अनिवार्य रूपमा पेश गरेपछि मात्र उल्लेखित सुबिधा प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत